**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. दिल्लीका सबै 70 विधानसभाका लागि भईरहेको चुनावमा साँझ 5 बजी सम्म लगभग **57 दशमलव सात-शून्य** प्रतिशत मतदान दर्ता गरिएको छ।
२. गिलियन-ब्यारे सिण्ड्रोम (जीबीएस)- का कारण पश्चिम बंगाल स्वास्थ्य विभागले सबै सरकारी अस्पताल अनि मेडिकल कलेजहरूलाई प्रभावकारी उपचार गर्न आफ्नो बुनियादी ढाँचालाई बढ़ाउने आदेश दिएको छ।
३. दार्जीलिङका विधायक नीरज तामाङ जिम्बाले बाँकी रहेका गोर्खा जातिहरूलाई अनुसूचित जनजाति (ST) मा समावेश गर्न राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु समक्ष आपतकालीन अपिल पेश गर्दै पत्राचार गर्नुभएको छ ।
४. मुर्धन्य साहित्यकार डा इन्द्रबहादुर राईको विभिन्न ऐतिहासिक दस्तावेजहरूलाई संरक्षण र सम्वर्द्धन गर्न डा. इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको स्थापना गरिएको छ ।
५. कालेबुङका जिल्ला पुलिस अधिक्षक द्वारा आज गोरुबाथान पुलिस थानामा पर्यावरणमैत्री गस्तीको उद्घाटन ।

**दिल्ली चुनाव**

दिल्ली विधानसभा चुनावमा साँझ पाँच बजी सम्म लगभग **57 दशमलव सात-शून्य** प्रतिशत मतदान दर्ता गरियो । उत्तर पूर्व जिल्लामा सर्वाधिक **63 दशमलव आठ-तीन** प्रतिशत मतदान भएको छ भने सबैभन्दा कम मतदान दक्षिण पूर्वी जिल्लामा **53 दशमलव सात-सात** प्रतिशत मतदान भएको छ। आम आदमी पार्टी संयोजक अरविंद केजरीवाल, दिल्लीकी मुख्यमंत्री आतिशी, भाजपाका प्रवेश वर्मा, तथा कांग्रेस नेता संदीप दीक्षित सहित प्रमुख उम्मीदवार चुनाव मैदानमा छन्।मतगणना 8 फरवरीको दिन हुनेछ।

****** ० ******

**गिलियन-ब्यारे सिण्ड्रोम (जीबीएस)**

गिलियन-ब्यारे सिण्ड्रोम (जीबीएस)- को कारणले भएका तीनवटा मृत्युलाई ध्यानमा राख्दै पश्चिम बंगाल स्वास्थ्य विभागले सबै सरकारी अस्पताल अनि मेडिकल कलेजहरूलाई जीबीएसको मामिलामा प्रभावकारी उपचार गर्नको लागि आफ्नो बुनियादी ढाँचालाई बढ़ाउने आदेश दिएको छ।यस निर्देशमा जीबीएस रोगीहरूलाई देखरेख गर्नका लागि प्रोटोकलको स्थापना अनि कुनै पनि मामिलामा तत्काल स्वास्थ्य भवनलाई रिपोर्ट गर्ने आवश्यकता सामेल छन्। स्वास्थ्य सचिव नारायण स्वरूप निगमको अगुवाईमा हालैमा भएको एक भर्चुअल मीटिंग अवधि अधिकारीहरूले जीबीएसको मामिलामा सम्भावित वृद्धिको लागि अस्पतालहरूका तयारीहरूको मूल्यांकन गरे अनि प्रभावित रोगीहरूको वर्तमान संख्याको बारेमा जानकारी लिए। अस्पताल एवं मेडिकल कलेजहरूलाई प्लाज्मा थेरेपी, भेन्टिलेशन सपोर्ट सिस्टम अनि अन्तःशिरा इम्युनोग्लोबुलिन इन्जेक्शन सहित आवश्यक चिकित्सा संसाधनहरूको उपलब्धता सुनिश्चित गर्ने निर्देश दिइएको छ। तयारीहरूलाई सशक्त बनाउनको लागि प्रत्येक मेडिकल कलेजको न्यूरोलजी विभागले विशेष रूपमा जीबीएस रोगीहरूको लागि दुईवटा क्रिटिकल केयर यूनिट (सीसीयू) बेड आरक्षित गर्नेछ साथै बाल चिकित्सा गहन चिकित्सा एकाई (पीआईसीयू)- मा दुईवटा बेड हुनेछ।

****** ० ******

**विधायक नीरज**

दार्जीलिङका विधायक तथा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका सेक्रेटरी जनरल नीरज तामाङ जिम्बाले बाँकी रहेका गोर्खा जातिहरूलाई अनुसूचित जनजाति (ST) मा समावेश गर्न राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु समक्ष आपतकालीन अपिल पेश गर्दै पत्राचार गर्नुभएको छ । श्री जिम्बाले पश्चिम बंगालका ११ तथा सिक्किमका १२ गोर्खा जातिहरूलाई जनजाति मान्यता दिलाउने

विषयमा केन्द्र सरकारको ढिलाई प्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ। दार्जीलिङ , तराई, र डूवर्स क्षेत्रका सर्वदलीय सहमति रहेको यो माग पश्चिम बंगाल सरकारद्वारा औपचारिक सिफारिस भइसकेको छ भने सिक्किम सरकारले यससम्बन्धी प्रस्ताव संसदमा पारित गरिसकेको छ। विधायक नीरज तामाङ जिम्बाले राष्ट्रपतिसमक्ष शीघ्र हस्तक्षेपको अपिल गर्दै आफू सम्पूर्ण गोर्खा समुदायको न्यायका लागि निरन्तर लडिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

****** ० ******

## सीमा सुरक्षा बल

पश्चिम बंगाल सरकारले राज्यका थप दुई जिल्लामा सीमा सुरक्षा बल (बीएसएफ) लाई जमीन दिने निर्णय गरेको छ जमिन दिनको मुख्य उदेश्य बांग्लादेशसित साझा गरिएको सीमामा बार लगाउन अनि चौकी निर्माण गर्न हो। एक अधिकारीले बुधवार यसबारे जानकारी गराएक छन् उहाँले बताए अनुसार, मंगलवार अबेर साझँसम्म मुख्यमन्त्री ममता ब्यानर्जीको अध्यक्षतामा नवान्नमा भएको क्याबिनेट बैठकमा यो निर्णय लिएको छ। अधिकारी अनुसार, जलपाइगढ़ी जिल्लाको बिन्नागढ़ीमा 0.05 एकड़ र मालदा जिल्लाको नारायणपुरमा 19.73 एकड़ जमीन बीएसएफलाई प्रदान गरिने छ। यस भन्दा अघि 27 जनवरीमा भएको बैठकमा सरकारले नदिया जिल्लाको करीमपुरमा 0.9 एकड़ भूमि बीएसएफलाई दिने निर्णय लिएको थियो|

****** ० ******

## इन्द्रबहादुर राई साहित्य प्रतिष्ठान

मुर्धन्य साहित्यकार डा इन्द्रबहादुर राईको कृतित्व व्यक्तित्व सँगसँगै विभिन्न ऐतिहासिक दस्तावेजहरूलाई संरक्षण र सम्वर्द्धन गर्न डा. इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको स्थापना गरिएको छ । भारतीय नेपाली साहित्यमा आफ्नो बहुमूल्य योगदान पुऱ्याएका साहित्यकार इन्द्रबहादुर राईको गरिमालाई यथावत राख्न उनका सामग्रीहरू संग्रह गर्दै विभिन्न विषयवस्तुलाई अँगालेर विविध कार्यक्रम साथै समारोह उत्सव आदि गर्न सकिने साहित्यिक ज्ञाता हरुको सुझाव अनि परामर्श लिएर माता सरस्वती पूजाको पावन दिनलाई केन्द्र गर्दै डा इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको आरम्भ गरिएको डाक्टर राईको परिवारको पक्षबाट मणिकुमार प्रधानले बताउनु भयो। डक्टर इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको आयोजनामा सालबारी सिलगढीमा डा. इन्द्रबहादुर राईको ९७औं जन्म जयन्तीसँगै प्रतिष्ठानमाथि विषद चर्चा परिचर्चा सम्पन्न गरिएको थियो । उपस्थित श्रष्टाहरूले कार्यक्रममा आआफ्नो सक्रिय उपस्थिति दिँदै प्रतिष्ठानलाई सहयोग पुऱ्याउने आ आफ्नो सम्भाषणमा राखेका थिए । कार्यक्रममा परिवारको पक्षमबाट देशपथ राई, केवल राई,बेदिका राई साथै साहित्यकार विन्द्या सुब्बा, पेम्पा तामाङ, डा . वीणा हाङखिम, अमला क्षेत्री सुब्बा,सतीश रसाईली, विमल राई, पेम्पा तामाङ, नरेश चन्द्र खाती, मोहन ठकुरी, ज्ञानेन्द्र खतिवडा, सञ्जय वान्तवा, कृष्णराज घतानी लगायत अन्य को उपस्थिति रहेको थियो ।

****** ० ******

## ट्रासफर्मर समस्यामा

दार्जिलिङ पहाड सगै राज्यकै सुदुरवर्ती गाउँहरुमा पर्ने गोर्खेमा लगाएको बिधुत ट्रासफर्मर बिग्रेपछि गाउँवासीहरु हाल धैरै समस्यामा परेका छन। गाउँले हरुले विभागलाई पटकपटक जानकारी गराएको भए पनि दुई महीना बितिसक्दा पनि कुनै सुनवाइ नगरेको गाउँवासीहरुको आरोप रहेको छ। यसबारे गाउँवासीको पक्षमा स्थानीय शिव छेत्रीले एक भिडियो जारी गर्दै विभागले आफुहरुको समस्यालाई कुनै महत्त्व नदिएको आरोप लगाएका छन् । यसका साथै गाउँवासीको समस्यालाई विभागले गम्भीरतापुर्वक लिनुपर्ने उनको भनाइ छ।दार्जिलिङ पुलबजार खन्ड अधिनस्त सिरिखोला डाडागाउँ ग्रामको गोर्खेमा विगत २०२० सालमा विधुतिकरण भएको भए पनि पटकपटक चार पल्टसम्म ट्रासफर्मर बिग्रेको थाहा लागेको छ। मोटरबाटो नभएको उक्त गाउँमा ट्रन्सफर्मर बोकेरै लानुपर्ने बाध्यता समेत रहेको छ।

****** ० ******

## भारत बंगलादेश सीमा

भारतमा अनुप्रवेश गर्ने प्रयास गरिरहेका एकजना बंगलादेशी युवक सीमा सुरक्षा बल (बीएसएफ)-को गोली लागेर घाइते भएको छ। घाइते बंगलादेशी युवकको नाम मोहम्मद अलाउद्दीन रहेको बताइएको छ। घटना भारत-बंगलादेश सीमा क्षेत्र गंगारामपुर थानाको मल्लिकपुरमा भएको हो। अनुप्रवेशकारीको आक्रमणमा परी बीसएएफका एकजना जवान पनि घाइते भएका छन्।

****** ० ******

## पर्यावरणमैत्री गस्ती गोरुबथान

कालेबुङका जिल्ला पुलिस अधिक्षक हरि पाण्डे अनि उप अधिक्षक श्रीमती पूर्णिमा शेर्पाले आज गोरुबाथान पुलिस थानामा पर्यावरणमैत्री गस्तीको उद्घाटनसँगै नवनिर्मित मालखानाको उद्घाटन गर्नुभयो । अबदेखि गोरुबथान (सोमबारे बजार, शेरमाली, पान डाडा, गोरुबथान सरकारी कलेज आदि) क्षेत्रमा गस्तीमा ब्याट्री द्वारा सञ्चालित साइकल प्रयोग गरिने छ । यस प्रकारको गस्ती प्रणाली राज्यका अन्य पुलिस स्टेशनहरुमा अघि देखीनै सञ्चालनमा रहेको छ । आज उद्घाटन भएको मालखानाले अबदेखि पुलिस थानालाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग गर्ने बताइएको छ। , उद्घाटन कार्यक्रममा एसडीपीओ विक्रमजीत लामा, बीडीओ सोभन दास, सह बीडीओ गोरुबथान, पञ्चायतका प्रधान निमा तामाङ आदिको विशेष उपस्थिति रहेको थियो ।

****** ० ******

**एसएसबी ब्युटिसियन प्रशिक्षण**

सीमावर्ती क्षेत्रका महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले सशस्त्र सीमा बल (एसएसबी) आठौं बहिनी द्वारा आजदेखि ३० दिवशीय ब्युटिसियन प्रशिक्षणको शुभारम्भ भएको छ । उक्त प्रशिक्षणको उद्घाटन ८औ वाहिनी क्षेत्रको टिङलिङ सार्वजनिक भवनमा वाहिनीका कार्यावाहक कमाण्डेण्ट चन्द्रपाल सिंह राठौरको निर्देशनमा गरियो । यो प्रशिक्षण देशबन्धु व्यावसायिक प्रशिक्षण संस्थान सिलगढीले सञ्चालन गर्नेछ, जसमार्फत सीमावर्ती क्षेत्र टिङलिङ र छेउछाउ का क्षेत्रका ३५ महिलाहरूले आफ्नो गाउँमा बसेर सहज रूपमा प्रशिक्षण लिन सक्नेछन् । यस अवसरमा उपस्थित सबै प्रशिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुदै आठौ वाहिनीका सेकेण्ड कमाण्डेण्ट चन्द्रपाल सिंह राठौरले सेवा, सुरक्षा र भ्रातृत्वको मूल मन्त्र बोकेर सशस्त्र सीमा बल सबैको सेवा र सुरक्षाका लागि सदैव तत्पर रहेको बताउनुभयो ।उहाले महिलाहरुलाई आत्मनिर्भर बन्न र सम्मानजनक जीवन जिउन यो प्रशिक्षण शुरु गरिएको बताउनु भयो ।

****** ० ******

**मिरिक फुटबल**

मिरिक महकुमा अन्तर्गत फुवागढ़ी लामेटार गाव खेल मैदानमा जारी नगदराशी फुटबल प्रतियोगिताको दोस्रो क्वाटर फाइनल खेल आज एनसीएफसी सिलिगुडी अनि रामुदामु बोइज माझ सम्पन्न भयो। रोमान्चक ढंगमा सम्पन्न खेलमा दुवै दलका खेलाडीहरुले उत्कृष्ट प्रदर्सन गरेक थिए । खेलमा एनसीएफसी सिलिगुडीले, रामुदामु बोइजलाई २ गोलको विरुद्ध ४ गोलले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।भोलि तेस्रो क्वाटर फाइनल अनिकेत सेवेन बुन्कुकुङ र ब्रदर्स युनाइटेड पोख्रेबुङ्ग माझ हुने छ|

****** ० ******

**सुकेपोखरी बिरुवा वितरण**

सुकेपोखरी खण्ड अन्तर्गत रांगभाङ पाँच माइलमा आज कृषि विभागले स्थानीय किसानहरुलाई किवी र अन्य फलफूलका बिरुवा वितरण गरेको छ । स्थानीय १४४ कृषकहरुलाई विभागीय अधिकारीहरुको उपस्थितिमा बिरुवा वितरण गरिएको जानकारी प्राप्त भएको छ । बिभागले विशेषगरी पाँच माइल रांगभाङ क्षेत्र किवी खेतीको लागि उपयुक्त जलवायु भएकाले यहाँका स्थानीय किसानहरुले किवी फलको बाली लगाएर आम्दानी गर्ने र रोजगारीको अवसर सिर्जना गर्ने आशा व्यक्त गरेका छन् ।

****** ० ******

**खरसाङ नगरपालिका समिति गठन**

इण्डियन गोर्खा जनशक्ति फ्रन्ट को खरसाङ नगरपालिका समिति गठन गरिएको छ। आई जी जे एफ केन्द्रीय कार्यकारिणी समितिको पक्षबाट प्रकाश गुरूङ,एन वी खवास,महेन्द्र छेत्री आदि को उपस्थिति बीच आज खरसाङ कार्यलयमा एउटा सभा बसिएको थियो । सभामा उपस्थित सदस्यहरू बीच सर्वसम्मतिले खरसाङ नगरपालिका समिति गठन गरिएको बताएको छ ।

****** ० ******